बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
१ नं. प्रदेश, नेपाल

# कृषि प्राविधिक (जे.टि.ए.) सेवा करारमा लिने सम्बन्धि सूचना

**प्रथमपटक सूचना प्रकाशित मिति २०७६।०९।०७**

बाह्रदशी गाउँपालिकाको लागि तोकिएको स्थानमा रही काम गर्ने गरी कृषि प्राविधिक ( जे.टि.ए.) सहायक चौथो पदको रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजश्व तिरेको रसिदसहित दरखास्त दिनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएकोछ । यसको फारम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक र सेवाका शर्तहरुसहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ ।

तपसिल

१) **पद र संख्या :** कृषि प्राविधिक (जे.टि.ए.) सहायक चौथो (करार) र संख्या : २ (दुई)

२) **कार्यस्थल :** बाह्रदशी गाउँपालिका

३) **पारिश्रमिक :** गाउँपालिकाको निर्णयानुसार हुनेछ ।

४) **समयावधि :** २०७७ असार मसान्तसम्म

५) **योग्यता**

- मान्यताप्राप्त शिक्षण संस्थाबाट SLC वा सो सरह उत्तीर्ण गरी न्यूनतम् एक वर्षे जे.टि.ए. (कृषि विज्ञान) तालिम प्राप्त् वा मान्यैताप्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई TSLC उत्तीर्ण गरेको ।
- १८ वर्ष पूरा भई ३५ वर्ष (महिलाको हकमा ४० वर्ष) ननाघेको हुनुपर्नेछ ।
- अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्नेछ ।
- दरखास्त बुझाउने अन्तिम मिति: यो सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समयभित्र दरखास्त पेश गर्नु पर्नेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समय भित्र दरखास्त फारम बुझाउनु पर्नेछ ।

७) **दरखास्तमा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:**

- उम्मेदवारको व्यक्तिगत विवरण,
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- यस अघि कामको अनुभव भए सो सम्बन्धी कागजातको प्रतिलिपि,
- पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवारले स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गर्ने ,
- दरखास्त फारम साथ यस कार्यालयमा रु. ५००।- तिरेको रसिद पेश गर्नुपर्नेछ ।

८) परीक्षाको किसिम: लिखित र अन्तरवार्ता ।

ढ) परीक्षा मिति : पछि अर्को सूचना प्रकाशन गरिनेछ ।

CS Scanned with CamScanner

**प्रमुख प्रशासकीय अधिकृत**